# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०७९।०८०

च.नं. ३३४

मिति: २०७९/०५/१७

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७९ भाद्र १७ गते शुक्रवार बसेको आ.व.०७९/८० को तेस्रो गाउँ कार्यपालिका बैठकको निर्णय पाना चार (४) थान यसैसाथ संलग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ ।

..........................

(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०५/१७ गते शुक्रवार विहान ८:०० बजे यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. ०७९/०८० को तेस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी          अधिकृतस्तर सातौं          प्रशासन शाखा प्रमुख

मिति २०७९ भाद्र १७ गते गाउँ कार्यपालिका बैठकका निर्णय

गाउँ कार्यपालिका बैठकका लागि छलफलका विषयवस्तु

१. वडा कार्यालयको लागि आवश्यक थप सञ्चालन खर्च सम्बन्धमा ।

२. विभिन्न व्यक्ति तथा संस्थाबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहायता माग भइ आएको सम्बन्धमा सम्बन्धमा

३. नदीजन्य पदार्थको ब्यवस्थापन सम्वन्धमा ।

४. सार्वजनिक खरिद नियमावली, २०७९ सम्बन्धमा ।

५. वडा नं. ३ का सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको भत्ता वितरणको लागि बैंक परिवर्तन सम्बन्धमा ।

६. मनसुनजन्य विपदबाट गाउँपालिकाकाभित्रका सबै वडाको सडक क्षतिग्रस्त बनाएको सम्बन्धमा ।

निर्णयहरु

१.प्रस्ताव नं १ माथी छलफल गर्दा वडा कार्यालयको सञ्चालन खर्चको लागि गाउँसभाबाट प्रतिवडा पाँच लाख रुपैयाँ विनियोजन भएमध्ये यस अघिको गाउँ कार्यपालिकाको बैठकले दुइ वटा बैठक भत्ताको लागि मात्र रकम उपलब्ध गराउने निर्णय भएकोमा बागमती प्रदेश सरकारको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ मा ४ वटा सम्म बैठकको लागि भत्ता उपलब्ध गराउनु पर्ने प्रावधान अनुरुप आगामी महिनाबाट बढीमा चारवटासम्म बैठकको भुक्तानी गर्ने प्रयोजनको लागि पारिश्रमिक पदाधिकारी शिर्षकबाट प्रति वडा एकलाख बीस हजारको दरले रु. दशलाख असी हजार रुपैयाँ वडा कार्यालयहरुलाई थप सञ्चालन खर्च उपलब्य गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा तपसिल बमोजिमको संस्था तथा व्यक्तिले तपसिल बमोजिम आर्थिक सहायत मागा गरेको सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिम सहयोग रकम तपसिलमा उल्लेख भएको शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | सहयोग माग गर्ने | माग गर्नाको कारण | उपलब्ध गराइने रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी बल नेपाल आइ.आर.टि. सुरक्षा | सवारी साधन मर्मत | २५०००। | सवारी साधन मर्मत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कल्लेखोला | | | | |
| २ | सिर्जनसिल युवा संस्था मनहरी ६ | वडास्तरीय नक आउट फुटबल प्रतियोगिता सञ्चालन | १५०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ३ | हाँडीखोला युथ क्लब मनहरी ३ | मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्बनधमा | १५०००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ४ | सूर्यकिरण युवा क्लब मनहरी ५ | खेलकुद सामग्री माग गरेको | १००००। | स्थानीय प्रतियोगिता तथा अभ्यास | |
| ५ | नेपाल मगर संघ | कार्यक्रम सञ्चालन खर्च | २००००। | जनजाति समन्वय समिति परिचालन तथा कार्यक्रम कार्यान्वयन | |

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा गतः आ.ब.को आषाढ मसान्त सम्म मनहरी गाउँपालिका क्षेत्र भित्र रहेका नदीजन्य पदार्थहरु(ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी) को स्टक नापजाँच सम्वन्धमा सप्लायर्स तथा प्रशोधन उद्योगहरुवाट प्राप्त २,४१,४००.५० घनमिटर मध्ये जिल्ला अनुगमन समितिवाट गठित उपसमितिको रोहवरमा स्थलगत रुपमा नापजाँच गर्दा २,०२,८७२.११ घनमिटर नदीजन्य पदार्थ मौज्दात रहेको पाईएकाले स्टक प्रमाणितका लागि अनुगमन समितिमा पठाईएकोमा हाल सम्म प्रमाणित कार्य सम्पन्न हुन वाँकि रहेको ब्यहोरा बैठकमा जानकारी प्राप्त भयो ।

लामो समय सम्म नदीजन्य पदार्थको कारोवार वन्द गर्दा चोरि निकासी वढेको, स्थानीय विकास निर्माणका कार्यहरुमा गंभिर असर परेको तथा राजश्व चुहावट वढदै गएकाले आगामि २० गते सम्म स्टक प्रमाणितका लागि जिल्ला अनुगमन समितिलाई अनुरोध गर्ने ।

सो अवधि सम्म स्टक प्रमाणित हुन नसकेमा प्रमाणित हुने स्टकमा समायोजन हुने गरि देहाय अनुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

यहि मिति २०७९ भाद्र २१ गते विहान ६ बजे देखि सुनाचुरी लोथर तथा रजैया नाकाहरुमा कर संकलकहरुलाई आवश्यक व्यवस्था गरी खटाउने ।

तोकिएका नाकाहरुमा राजश्व संकलनको सप्टवेयर तथा पावर ब्याकअपको व्यवस्था मिलाइ ई-विलिङको माध्यमवाट राजश्व संकलन कार्य गर्ने ।

कर्मचारी व्यवस्थापनको सम्वन्धमा मिति २०७९ जेठ २३ मा वसेको कार्यपालिकाले सिफारिस गरेका १५ जना कर संकलकहरुलाई सोहि निर्णयको शर्तानुसार वढिमा ६ महिनाका लागि करार संझौता गरि कर संकलक सहयोगिको रुपमा खटाउने ।

कम्प्यूटर संचालनका लागि वडा कार्यालयहरुमा कार्यरत सहायक कम्प्यूटर अप्रेटरहरुलाई कार्यालयले छनौट गरी खटाउने ।

कर संकलन कार्य नियमित प्रभावकारी रुपमा गराउन कार्यालयका अन्य कर्मचारीहरुलाई समेत कार्यविवरण तोकि कार्यालयले खटाउने ।

अनुगमनका लागि उपाध्यक्षको संयोजकत्वमा पालिकाका सबै पदाधिकारीहरुले अनुगमन गर्ने व्यवस्था मिलाउने ।

उपरोक्तानुसार ई-विलिङको व्यवस्था मिलाउन थप केहि समय लाग्ने भए वढिका १ महिनाका लागि ढुवानीका साधनहरुको परिवहनका आधारमा छुट्टा छुटै रुपमा राजश्व रकम नै उल्लेख गरी रसिद जारी गर्ने व्यवस्था कार्यालयले मिलाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मनहरी गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७९ पारित गरि राजपत्रमा प्रकाशन गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल ३ नं. वडा कार्यालयको मिति २०७९।०५।१२ गतेको निर्णय अनुसार वडाका लाभग्राहीहरुलाई मुक्तिनाथ विकास बैङक मनहरी शाखामा अपायक परेको भनि निर्णय सहितको सिफारिस प्राप्त भए अनुसार उक्त बैंकसंगको सम्झौता भंग गरी सांग्रिला विकास बैंक रजैया शाखासंग सम्झौता प्रक्रिया अगाडि बढाइ सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा मनसुनजन्य विपदबाट गाउँपालिकाका सबै वडाको सडक क्षतिग्रस्त बनाई आवत जावत तथा सवारी साधन सञ्चालनमा कठिनाई भएको हुँदा गाउँपालिकामा रहेको ब्याक हो लोडरको प्रयोग गरी सडक सरफाई तथा सडकमा रहेको अवरोध हटाउनु पर्ने भएकोले हाललाई विपद् व्यवस्थापन कोषमा रहेको रकम मध्येबाट रु. ५००,०००। पाँच लाख बराबरको इन्धन खर्च गर्ने गरी प्राविधिक लागत अनुमान बमोजिम वडा कार्यालयसम्मको पहुँच सडकको मर्मत तथा सरसफाई गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतिले पारित गरि बैठक समापन गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

निर्णय प्रमाणीत
प्रशासकीय अधिकृत